# ईशनाथ नगरपालिका
# Ishnath Municipality
## नगर कार्यपालिकाको कार्यालयऔरैया, रौतहट
## Office of The Municipal Executive, Auraiya, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या : २०८०/०८१ मिति: २०८०/१०/२६
चलानी नं. : ने.सं. ११४४ पोहेलागा, १४ शुक्रवार

ईशनाथ नगरपालिका नगर कार्यपालिकाको कार्यालय औरैया, रौतहट मदेश प्रदेश, नेपाल

## विज्ञप्ती

उपरोक्त विषयमा ईशनाथ नगरपालिका क्षेत्रभित्र नगरपालिकाको अनुमति बेगर ईशनाथ नगरपालिका वडा नं.-३ स्थित औरैया स्वास्थ्य चौकी नजिक मिति २०८०/१०/२७ गते बर्थिङ्ग सेन्टरको उदघाटन समारोह हुने सूचना प्रति यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

हाल ईशनाथ नगरपालिका वडा नं. ३ मा स्वास्थ्य चौकी औरैया र बर्थिङ्ग सेन्टर नगरपालिकाबाट सञ्चालित रहेको सर्वविदितै छ ।नगरपालिकालाई आवश्यक पर्ने थप स्वास्थ्यका पूर्वाधारहरुका सम्बन्धमा नगरपालिकासँग आवश्यक परामर्श छलफल गरी कार्य गर्नु संवैधानिक एवं कानुनी रुपले वाञ्छणीय हुन्छ । नेपालको संविधानको अनुसूची-८ मा "आधारभूत स्वास्थ्य र सरसफाई" लाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २८ (१) मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्न अनुमतिको लागि भवनको नक्सा सहित नगरपालिकाले तोकेको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनु पर्ने व्यवस्था छ । नगरपालिका कार्यालयवाट पूर्व स्वीकृति नलिई भौतिक संरचना तथा सार्वजनिक निर्माण गर्न नपाईने मौजुदा कानुनी व्यवस्था विपरित नगरपालिका क्षेत्रभित्र हुन लागेको भवन निर्माणको कार्यप्रति नगरपालिकाले गम्भीर चासो व्यक्त गर्दछ । कथित बर्थिङ्ग सेन्टरको उदघाटन सन्दर्भमा नगरपालिकालाई कुनै किसिमको जानकारी नभएकोले कानूनत: सम्बन्धीत निकायबाट पूर्व स्वीकृती लिई मात्र त्यस्तो कार्य आगाडी बढाउन यो विज्ञप्ती जारी गरिएको छ।

अतः मिति २०८०/१०/२७ गतेहुने भनिएको बर्थिङ्ग सेन्टरको उदघाटन/शिलन्यास कार्यक्रम स्थगित गर्न गराउनका लागि सहयोग गरिदिनु हुन सम्पूर्ण ईशनाथ नगरवासी एवं सम्वन्धीत निकायहरुसंग जोडदार माग गर्दछु ।

..........................
कौशल्या देवी
(नगर प्रमुख)

कौशल्या देवी
नगर प्रमुख



CamScanner